भेरी नगरपालिकाको

आर्थिक बर्ष २०८३।०८४ को नीति, कार्यक्रम तथा बजेट

सभामा पेश गरेको मिति : २०८३।०३।३१

पारित मिति : २०८२।०३।...

प्रमाणित मिति : २०८२।०३।....

भेरी नगरपालिका
खलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
नीति, कार्यक्रम तथा बजेट

## आर्थिक बर्ष २०८३।०८४ को नीति, कार्यक्रम तथा बजेट
## नगर उप-प्रमुख श्री सिता जैसी

सभाध्यक्षज्यू,

गरिमामय यस सभाका सदस्यज्यूहरु,

१. म भेरी नगरपालिकाको उप प्रमुखको हैसियले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भएको छु।

२. मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधिनताको रक्षा गर्दै प्रजातन्त्र, लोकतान्त्रिक गणतन्त्र, संघीय शासन प्रणाली स्थापनाका लागि भएका विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्ने ज्ञात -अज्ञात सहिदहरू प्रति हार्दिक श्रध्दान्जली अर्पण गर्दछु । साथै मुलुकको आर्थिक ,सामाजिक तथा राजनीतिक रूपान्तरणको अभियानमा होमिएका घाईते, अपाङ्ग योध्दा तथा सहिद परिवारमा उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

३. २०८० कार्तिक १७ मा गएको भुकम्पले आम नगरवासि नागरिकहरुलाई दिएको पिडा हालसम्म पनि सेलाएको छैन। विभिन्न दातृ निकायहरु तथा विकास साझेदार निकायहरुको सहयोगमा क्षतिग्रस्त सार्वजनिक संरचनाहरु खानेपानी तथा विद्यालय भवनहरुको मर्मत तथा पुनर्निर्माण कार्य अगाडी बढे तापनि प्रभावित घरपरिवारहरुको पुनर्स्थापनाका लागि नीजी आवास निर्माण प्रक्रियाको थालनी निकै सुस्त भएको सन्दर्भमा पिडितहरुले बर्षा संगै आगामि जाडो सिजन समेत अस्थायी टहरामै गुजारा गर्नु पर्ने अवस्था देखिदै छ। प्रभावित परिवारहरूको आवास निर्माणका लागि प्राप्त बजेट झन्जटिलो प्रक्रिया र डेलिभरि ढिलाईका कारण यस बर्षपनि बजेट फिर्ता हुने अवस्था छ। भुकम्पले ढलेका भौतिक संरचनाका भग्नावशेष हटाउने कार्य अझै पनि पूर्ण हुन सकेको छैन। भुकम्प प्रभावितहरुको आवास निर्माणका लागि विद्यमान समस्या समाधान गरी प्रभावित परिवारहरुको पुनर्स्थापनाका साथै आम नागरिकहरुको अति आवश्यक समस्या समाधान गर्नै पर्ने चुनौती हाम्रो सामु यथावत नै छ। तथापी यस्तो कठिन परिबेशको बिचबाट थोरैभएपनि सवैभन्दा बढि प्रभावित एवं क्षतिग्रस्त वडा नं १ का १२० र वडा नं ३ का ६८ घरधुरि गरि कुलजम्मा १८८ घरधुरिको पहिलो चरणको पुनरनिर्माण शुरु गरेका छौं । उपलब्ध सिमित श्रोतबाट सबै समस्याको समाधान संभव नभएकोले प्राथमिकताका आधारमा अधुरा अपुरा भौतिक पूर्वाधार निर्माणसंगै स्थानीय स्तरमा रोजगारी सिर्जना हुने खालका कार्यक्रमहरूमा आगामि आर्थिक बर्ष २०८३।८४ को बजेट केन्द्रित गर्नुपर्ने बाध्यात्मक अवस्था विद्यमान रहेको छ।

४. प्रस्तुत बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान- २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपालको चालु सोह्रौं आवधिक योजना, राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तथा कर्णाली प्रदेश सरकारको समृद्ध कर्णालीः सुखारी कर्णालीवासीको दूरदृष्टि, यस नगरपालिकाको प्रथम पञ्च बर्षिय आवधिक योजनाको **भेरी नगर समृध्दिको आधारः कृषि शिक्षा पर्यटन उद्यमशिलता र सुशासन सहितको सुरक्षित पूर्वाधार** भन्ने दीर्घकालीन सोच र यस नगरपालिकाले तर्जुमा गरी कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यविधिहरू, नेपाल

सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकार तथा नगरपालिकाको नीति कार्यक्रम तथा लक्ष्य, बस्ति तथा वडा समितिबाट निर्धारित प्राथमिकता, जिल्लामा कार्यरत विकास साझेदार तथा सरोकारवाला सरकारी- गैर सरकारी निकाय एवं नगरवासि नागरिकहरूको सल्लाह सुझावको आधारमा यो बजेट तर्जुमा गरेको छु।

५. नागरिकहरुका समस्या धेरै छन्। नगरपालिकाको आफ्नो आय श्रोत ज्यादै न्यून छ। नागरिकहरुका समस्या समाधानका लागि संघीय सरकार, प्रदेश सरकार तथा विकास साझेदार निकायहरुको भर पर्नु पर्ने अवस्था छ। भुकम्प गएको करिव ३ बर्ष वितिसक्दा पनि नागरिकहरुको दैनिक जनजीवन सहज र नियमित हुन सकेको छैन। निकट आईरहेको बर्षायामले टहरोमा जीवन गुजार्न बाध्य नागरिकहरुको जनजीवन अझ बढी कष्टकर हुने संभावना छ। यस प्रकारको कठिन अवस्था रहदा रहदै म यस भेरी नगरपालिकाको उप प्रमुखको हैसियतले आगामी आर्थिक बर्ष २०८३।८४ को बार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न यस गरिमामय सभाको बैठकमा उपस्थित भएको छु ।

**सभाध्यक्षज्यू,**

अव म चालु आर्थिक बर्ष २०८२।८३ को जेष्ठ मसान्तसम्मको आय व्यय अवस्थाका बारेमा संक्षिप्त रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानतर्फ संघीय सरकार वित्तिय समानीकरण अनुदान ११ करोड ७५ लाख र प्रदेश सरकार वित्तिय समानिकरण अनुदान रु १ करोड ४९ लाख ९९ हजार रुपैयाँको अख्तियारी प्राप्त भएकोमा संघीय सरकार वित्तिय समानीकरण अनुदानतर्फ रु १० करोड ७४ लाख ५३ हजार ७५० र प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदानमध्ये १ करोड ४९ लाख ९८ हजार २५० निकासा प्राप्त भएकोमा संघीय सरकार वित्तिय समानीकरण अनुदानतर्फ रु ४ करोड ६९ लाख १ हजार र प्रदेश सरकारको वित्तिय समानीकरण अनुदानतर्फ १ करोड १लाख २६ हजार रुपैयाँ खर्च भईसकेको छ । निकासा प्राप्त रकममध्ये संघीय सरकारको सशर्त अनुदानतर्फ २६ करोड ३९ लाख १२ हजार रुपैयाँ खर्च भएको छ । प्रदेस सरकारको सशर्त अनुदानतर्फ चालु तथा पूँजीगत गरि ४ करोड १० लाख अख्तियारी तथा निकासा प्राप्त भएकोमा रु १ करोड ५१ लाख २० हजार खर्च भएको छ।

त्यसैगरि संघीय सरकारको राजश्व बाँडफाँडतर्फ १२ करोड ४३ लाख ५८ हजार अख्तियारी प्राप्त भएकोमा १० करोड ६१ लाख ९ हजार निकासा प्राप्त भई रु ८ करोड ८१ लाख २१ हजार रुपैयाँ खर्च भएको छ।

त्यसैगरी प्रदेश सरकारको राजश्व बाँडफाँडतर्फ रु २५ लाख २२हजार रुपैयाँको अख्तियारि प्राप्त भएकोमा रु १२ लाख ७४ हजार रुपैयाँ निकासा प्राप्त भईसकेको छ। र खर्च रु ८ लाख १९ हजार भएको छ ।

आन्तरिक आयतर्फ गत बर्षको मौज्दात रु २ करोड ७ लाख ४७ हजार र राजश्व असुल रु १ करोड ६४ लाख २३ हजार १७१ सहित जम्मा रु ३ करोड ७१ लाख ७० हजार १७१ मध्ये ३ करोड ६ लाख ३८ हजार खर्च भएको छ।

कार्य संचालन कोषतर्फ प्रकोप व्यवस्थापन कोष तर्फ २ करोड ८२ लाख १० हजार ७ सय रुपैंया जम्मा भएकोमा रु १६ लाख ९५ हजार रुपैंया खर्च भएको छ । विविध खर्च खाता अन्तर्गत १करोड ५९ लाख १७ हजार रुपैयाँ प्राप्त भएकोमा १ करोड ४९ लाख ६५ हजार रुपैयाँ खर्च भएको छ ।

त्यसैगरि सामाजिक सुरक्षातर्फ जेष्ठ मसान्तसम्म १५ करोड ७० लाख ५३ हजार अख्तियारी प्राप्त भएकोमा तेश्रो त्रैमासिक सम्मको निकास ११ करोड ११ लाख ८७ हजार निकासा भई सोहि बमोजिमको रकम भुक्तानी भईसकेको छ ।

यसरी चालु आ. व. को जेठ मसान्तसम्म कुल जम्मा रु ९२ करोड ९८ लाख ३६ हजार १३२ रुपैयाँको अख्तियारी प्राप्त भएकोमा रु ४९ करोड २४ लाख ५२ हजार ११९ रुपैया खर्च भई चालुतर्फ ८४ प्रतिशत र पूँजीगततर्फ ४८ प्रतिशत गरी कुल बजेटमा ६६ प्रतिशत वित्तिय प्रगति हासिल देखिएकोले आर्थिक बर्षको अन्त्यसम्म सबै बार्षिक कार्यक्रम सम्पन्न हुने अपेक्षा लिएको छु ।

**सभाध्यक्षज्यू,**

७. अव म आर्थिक बर्ष २०८३।०८४ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु,
   क. शिक्षा तथा स्वास्थ्य क्षेत्रको सेवालाई गुणस्तरीय एवं प्रभावकारी तुल्याउने ।
   ख. स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्ने ।
   ग. सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको दिगो विकास गर्ने ।
   घ. कृषि क्षेत्रमा रोजगारी सिर्जना गरी उत्पादन र उत्पादकत्वमा बृद्दि गर्ने ।
   ङ. महिला, बालवालिका तथा पिछडीएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि गर्ने ।
   च. जलवायु परिवर्तन अनुकूलन, वातावरण संरक्षण र विपद व्यवस्थापन तथा प्रतिकार्य जस्ता कार्यमा सघाउ पुगाउन विभिन्न दातृ निकाय संग भएका सम्झौताका दायित्वहरु पूरा गर्ने ।

**सभाध्यक्षज्यू,**

८. आर्थिक बर्ष २०८३।८४ मा यस नगरपालिकाले **जम्मा रू ९५ करोड ९४ लाख ५४ हजार ८ सय ८३** रूपैयाँ आम्दानी हुने अनुमान गरिएको छ। जसमध्ये संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान रू १२ करोड ७ लाख, सशर्त अनुदान चालुतर्फ रू २८करोड ५१ लाख, पूँजीगततर्फ रु १ करोड २८ लाख, राजश्व बाँडफाँड वापत रू १२ करोड ९१ लाख ४ हजार , समपुरक अनुदान रू ८५ लाख, विशेष अनुदान पूँजीगततर्फ १ करोड ८० लाख गरी **कुल जम्मा रु ५७ करोड ४२ लाख ४ हजार** र कर्णाली प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान रू १ करोड ५९ लाख ५२ हजार, राजश्व बाँडफाँड वापत रू २३ लाख ५९ हजार ८०७ सशर्त अनुदान पुँजीगत ४ करोड ७० लाख, सशर्त अनुदान चालुतर्फ १९ लाख ६४ हजार, बिशेष अनुदान रु ६० लाख र समपुरक रु १ करोड ८० लाख गरी **कुल जम्मा रु ९ करोड १२ लाख ७५ हजार ८०७** र नगरपालिकाको आन्तरिक श्रोतबाट रू २ करोड २७ लाख ८० हजार र स्थानीय राजश्व बाँडफाँड १ करोड ११ लाख गरि कुल जम्मा रु ३ करोड ३८ लाख ८० हजार सामाजिक सुरक्षातर्फ १६ करोड र कार्य संचालन कोष अन्तर्गत १ करोड आम्दानी हुने अनुमान गरिएको छ। त्यसैगरि गैरसरकारी संघ संस्था तर्फ NNSWA १,८६,८४३, भेरी सामुदायिक विकास मंच २६,३८,३९०।, पाँचतारा युवा संरक्षण मंच ४,७५,६३,१६९।, पहाडि क्षेत्र विकास अभियान २८००३२९५।, Helvetas Nepal ७२,७६,०००।, UNICEF ५५,५०,०००। ,अपांग स्वाबलम्वन १,६६,५९०। LI-BIRD को रु २०

लाख र WFP ३०२९२००।गरि कूल रकम रु १०करोड ९५ हजार ७६ बजेट आम्दानिको अनुमान गरिएको छ। उक्त बजेटबाट माथि उल्लेखित उद्देश्यहरू हासिल गर्न आगामि बर्षको लागि निम्न क्षेत्रगत कार्यक्रम तर्जुमा तथा बजेट विनियोजन गरेको छु।

**आर्थिक विकास क्षेत्रतर्फः**

**कृषिः** भेरी नगरपालिकाको कृषि क्षेत्रलाई ब्यवस्थित एवं प्रभावकारी तुल्याई आधुनिकिकरण तथा ब्यवसायिकरणका माध्यमबाट उत्पादन तथा उत्पादकत्व बृध्दि गर्न देहाय बमोजिमका नीति तथा कार्यक्रम तर्जुमा गरेको छु । यसका लागि रु ४५ लाख रुपैयाँ बजेट ब्यबस्था गरेको छु ।

९. यस नगरपालिकाको प्रथम आवधिक योजनाले निर्दिष्ट गरे बमोजिम नगर कृषि प्रोफाईल अध्यावधिक तथा कृषि गुरु योजना तयार गरिनेछ। यसबाट कृषि क्षेत्रको विविधिकरण तथा व्यावसायिकरण भई उत्पादन तथा उत्पादकत्व बृध्दि हुने अपेक्षा गरेको छु।

१०. गत विगत बर्षहरु देखि संचालन हुँदै आएका नगर किसान साझेदारी कार्यक्रम अन्तर्गत बीउ विजनमा अनुदान, रैथाने बाली प्रबर्ध्दन, फलफुल खेती, करेसावारी प्रबर्ध्दन, कृषि औजार हस्तान्तरण जस्ता कार्यक्रमहरूलाई आगामी बर्ष पनि निरन्तरता दिईनेछ । जसका लागि रु. ९ लाख बजेट बिनियोजन गरेको छु ।

११. उच्च उत्पादनको संभावना भएको क्षेत्रमा ५० प्रतिशत साझेदारिमा फलपुल बगैंचा सुदृढिकरण कार्यक्रमको लागि रु६लाख ५० हजार बजेट विनियोजन गरेकोछु ।

१२. हिउदे तथा बर्खे फलफुल खेती प्रबर्ध्दनका लागि फलफुलको बिरुवामा मुल्य अनुदानका लागि समेत बजेट ब्यवस्था गरेको छु ।

१३. कृषि पेशालाई आधुनिक तथा प्रविधिमैत्री बनाउन कृषकसंगको साझेदारीमा कृषि मेशिनरी औजार वितरण कार्यक्रमलाई आगामि बर्षमा पनि निरन्तरता दिईने छ । यसका लागि ७ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

१४. कृषि पेशालाई मर्यादित र सम्मानित बनाउन किसान सम्मान कार्यक्रम तय गरिएको छ । यसकोलागि रु १ लाख बजेट विनियोजन गरेको छु ।

१५. यस नगरपालिकालाई बीउमा आत्म निर्भर बनाउन ५० प्रतिशत अनुदानमा खाध्यान्न तथा तरकारीको मूल बीउ वितरण कार्यमा रु १ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

१६. बालीनालीमा क्षति पुर्याउने विभिन्न रोग किराहरुको नियन्त्रणका लागि एकिकृत बालि संरक्षण कार्यक्रम संचालनकालागि रु ४ लाख बजेट ब्यवस्था गरिएको छ ।

१७. करेसावारी प्रबर्ध्दनका लागि तरकारीको उन्नत किट वितरण तथा च्याउको वीउ वितरणका लागि समेत आवश्यक बजेट विनियोजन गरेको छु ।

१८. नगरपालिकाको केन्द्रबाट टाढा रहेका वडा तथा बस्तीका किसानहरुलाई सेवा प्रवाहका लागि स्थापित कृषि सेवा केन्द्र स्याउली र कृषि सेवा केन्द्र कुदु मार्फत सेवा प्रवाहा गर्ने कार्यलाई निरन्तरता दिईएको छ।

१९. संघीय सरकारसंगको समन्वयमा बजेट तर्जुमा गरि धान, गहुँ, कोदो तथा भटमास जस्ता बाली झार्नका लागि थ्रेसर मेशिन हस्तान्तरण गरिनेछ। यसबाट बाली भित्र्याउँदा लाग्ने खर्च र समयमा बचत हुन गई उत्पादनमा लाग्ने लगतमा किसानहरुलाई फाईदा पुग्नेछ ।

२०. बजेट अभावका कारण समेट्न नसकिएका तर किसानहरुबाट अत्यधिक रुपमा माग भई आएका थप संभावित क्षेत्रहरुमा आँप तथा कागतिको ब्यावसायिक खेतीका लागि संघीय तथा प्रदेश सरकारसंगको समन्वयमा बजेट ब्यवस्था गरि आँप तथा पकेट क्षेत्र कार्यक्रम संचालन गरिनेछ ।

**पशुपन्छी विकास:** पशुपन्छि पालन ब्यवसायमा आवद्ध कृषकहरुलाई प्रोत्साहन गरी उत्पादन बृद्धि गर्न माथि उल्लेखित क्रियाकलापहरु संचालनका लागि जम्मा रु २४ लाख बिनियोजन गरेको छु ।

२१. पशुपन्छीहरुको नियमित उपचार सेवालाई निरन्तरता दिन रु ८ लाख ९० हजार रुपैयाँ बिनियोजन गरेको छु। आकस्मिक रुपमा आईपर्ने महामारीजन्य रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि रु १ लाख ५० हजार बजेट बिनियोजन गरेको छु।

२२. रेबिज लगायत अन्य संक्रामक रोग नियन्त्रणका लागि खोप कार्यक्रम संचालन गर्न रु ९५ हजार रुपैयाँ बिनियोजन गरेको छु।

२३. नेपाल सरकारको नीति अनुसार कुकुरको टोकाईबाट सर्ने रेविज रोगका कारण हुने मान्छेको मृत्युलाई सन् २०३० सम्म शुन्यमा बनाउने लक्ष्य अनुरुप यस कार्यक्रमकोलागि रु २ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

२४. ब्यावसायिक पशुपालन  गर्ने कृषकहरुलाई उत्पादन तथा आय आर्जनमा आधारित सामग्रीमा ५० प्रतिशत अनुदान औजार उपकरण उपलब्ध गराउन रु २ लाख ५० हजार बजेट ब्यवस्था गरेको छु ।

२५. पशुपालनका लागि आवश्यक आहारा विकास तथा पोषण सुधार गर्न हिउँदे तथा बर्षे ( डाले तथा भुई) घाँस खेती कार्यक्रमका लागि रु १ लाख ८० हजार बजेट विनियोजन गरेको छु ।

२६. बजेटमा समेट्न नसकिएका किसानहरुका समस्या सम्बोधन गर्न यस नगरपालिकाभित्र कार्यरत काम गर्ने संघ र प्रदेश कार्यालयहरु तथा अन्य गैह्र सरकारी संघ संस्थाहरुको स्रोतलाई समेत परिचालन गरिनेछ।

**सहकारीतर्फः**

२७. नगरपालिकाको क्षेत्राधिकारभित्र रहेका सहकारीहरुको नियमन ,अनुगमन, अनलाईन सूचना व्यवस्थापन प्रणाली तथा तथ्याङ्क अध्यावधिक र व्यवस्थापनका लागि रु ४ लाख बजेट बिनियोजन गरेको छु ।

**लघुउद्यमतर्फः**

२८. बजार अनुगमन गर्न , घरेलु तथा साना उद्योग स्थापना लगायत सिप विकास सम्वन्धि साझेदारि कार्यक्रम सँचालन गर्न रु ३ लाख बजेट ब्यवस्था गरेको छु ।

**संस्कृति तथा पर्यटन प्रबर्ध्दनः**

२९. पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण तथा पौराणिक मन्दिरहरुको जिर्णोद्वार एवं पुनर्निर्माणका लागि रु २४ लाख बजेट विनियोजन गरेको छु ।

**३०.** आन्तरिक पर्यटन प्रबर्द्धन गरी रोजगारी सिर्जना गर्ने अभिप्रायले शुरु गरिएको मछाईना बडिमालिका गुरुयोजना कार्यान्वयन र भुकम्पबाट ध्वस्त भएको दरवार क्षेत्र तथा शिवालय क्षेत्रको पूर्निर्माण गर्न संघ, प्रदेश सरकार तथा अन्य साझेदार निकायसंग समन्वय तथा सहकार्य गरिने छ ।

**३१.** संघीय तथा प्रदेश सरकारसंगको समन्वयमा ऐतिहासिक क्षेत्र जगतिपुरको पुनर्निर्माण एवं धार्मिक तिर्थस्थलको रुपमा रहेको रिम्नाबाट जलयात्रा संचालन र मैदे होमस्टेका संचालनका लागि आगामि आव मा पनि पहल गरिनेछ ।

**३२.** पर्यटकिय गन्तव्यको रुपमा रहेका वडा नं. १ को चमेरे गुफा, वडा नं. २ को सांङ्टा गुफा मन्दिर र डोप्के सिद्ध पाईला मन्दिर निर्माण र प्रबर्धनका लागि साझेदार निकाय वा सरोकारवालाहरसंग समन्वय तथा सहकार्य गरिने छ ।

**सामाजिक विकास क्षेत्रतर्फः**

**युवा, शिक्षा तथा खेलकुद विकास**

३३. गुणस्तरीय शिक्षा प्रबर्धनका लागि आवश्यकता बमोजिम शिक्षक दरवन्दी नै नभएका र पर्याप्त दरवन्दी नभएका विद्यालयहरूमा स्वयं सेवक शिक्षक व्यवस्थापन गर्नका लागि विगत आ.व. देखि शुरू गरिएको **शिक्षक अनुदान** कार्यक्रमलाई आगामि आ.व. मा पनि निरन्तरता दिईने छ। यसका लागि वाल विकास केन्द्रका वाल शिक्षक ७ जना, आधारभुत तह (१-५) १० जना, आधारभुत तह (६-८) १९ जना मावि तह ७ गरी जम्मा ३६ जना शिक्षकको लागि रु १ करोड २१ लाख ४४ हजार बजेट बिनियोजन गरेको छु।

३४. वालविकास केन्द्रका शिक्षक तथा विद्यालय कर्मचारीहरूको थप पारीश्रमिकका लागि रु ६४ लाख २० हजार रुपैयाँ बजेट बिनियोजन गरेको छु ।

३५. बिद्यालयहरुको नियमित अनुगमन तथा सिकाई सहजीकरणका लागि गत विगत बर्ष देखि ब्यवस्था गरिएको स्रोत ब्यक्ति ब्यवस्थापन निरन्तरताका लागि समेत बजेट ब्यवस्था गरेको छु ।

३६. पालिकास्तरमा खेलकुद प्रबर्धनका लागि खेलकुद सामग्री वितरण लगायत राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप प्रतियोगिता संचालनको लागि रु २४ लाख ७७ हजार रुपैयाँ बजेट ब्यवस्था गरेको छु ।

३७. आगामि आ.व. देखि विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई शिक्षा तथा विज्ञानका क्षेत्रमा अध्ययन अनुसन्धान तथा नवप्रवर्तनमा प्रोत्साहन गर्नका लागि **अध्ययन तथा अनुसन्धान** कार्यक्रमलाई निरन्तरता प्रदान गरेको छु ।

३८. विद्यालयको शैक्षिक गतिविधिलाई प्रभावकारी एवं नतिजामुलक बनाउन माध्यामिक तहका विद्यालयहरुमा ई -हाजिर शुरुवात गरिने छ । यसको लागि रु ५ लाख बजेट बिनियोजन गरेको छु ।

३९. विद्यालय तहमा अध्ययनरत तथा उच्च शिक्षा अध्ययन गर्ने गरिव तथा जेहेन्दार विशेष गरी MBBSS, Bsc Ag. Bsc Vet विषयमा अध्ययरत विद्यार्थीहरुका लागि छात्रबृत्ति प्रदान गर्न एकीकृत छात्रवृत्ती कोषमा रु ९ लाख बजेट विनियोजन गरेको छु ।

४०. आगामि आ.व.मा शैक्षिक सुशासन तथा संस्थागत क्षमता विकासका लागि शिक्षक अभिभावक क्षमता विकास कार्यक्रमका लागि रु ७ लाख बजेट विनियोजन गरेको छु ।

लागुऔषध नियन्त्रण तथा रोकथामः

४१. युवाहरुमा फैलिदै गएको लागु औषधको दुर्व्यसन रोकथाम तथा नियन्त्रणका लागि गत विगत चालु बर्ष देखि संघीय तथा कर्णाली प्रदेस सरकारसंगको सहयोगमा शुरु गरिएको लागु औषध नियन्त्रण तथा रोकथाम कार्यक्रमको निरन्तरताका गरेको छु ।

**मानसिक स्वास्थ्यतर्फः**

४२. नगरवासि नागरिकहरुको मानसिक स्वास्थ्य सुधारमा योगदान पुर्याउने उद्देश्यले मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपालसंगको साझेदारीमा शुरु गरिएको मानसिक स्वास्थ्य कार्यक्रमलाई आगामि आ.व. पनि निरन्तरता दिईने छ। सोको लागि साझेदारी स्वरुप रु ३ लाख रुपैयाँ बिनियोजन गरेको छु ।

**स्वास्थ्य सेवातर्फः** नगरवासिहरुको स्वास्थ्य सेवा सुदृढिकरणका लागि देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु संचालन गरिनेछ । यसका लागि रु ६७ लाख ७ हजार बजेट बिनियोजन गरेको छु ।

४३. नागरिकहरुको स्वास्थ्य सम्बन्धी संविधान प्रदत्त हकलाई प्रत्याभुत गर्न जिल्ला अस्पताल देखि भौगोलिक रुपमा टाढा रहेका बस्तीका नागरिकहरुको सुविधाको लागि वडा नं ७ को स्याउलीमा निर्माणाधिन अवस्थामा रहेको नगर अस्पताल आगामी आ.व. देखि सामुदायिक नगर हस्पिटलको रुपमा सँचालनमा ल्याईने छ । यसको लागि रु ९० लाख बजेटको व्यवस्थापन गरेको छु ।

४४. संक्रामक रोग रोकथाम, नियन्त्रण र स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्रबाट उपचार सेवा प्रदान गर्न औषधि तथा ल्याव सामग्रि खरिद तथा ढुवानीका लागि रु. २१ लाख ५० हजार बजेट बिनियोजन गरेको छु ।

४५. मातृ शिशु स्वास्थ्य सम्बन्धि सेवा उपलब्ध गराउन घरदैलोमा सेवारत रहेका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक रु १२०० का दरले गत बर्ष देखि शुरु गरिएको प्रोत्साहन भत्ता कार्यक्रमलाई आगामि आर्थिक बर्षमा समेत निरन्तरता दिईनेछ । यसका लागि रु ५ लाख १८ हजार रुपैया बजेट ब्यवस्था गरेको छु ।

४६. गर्भवति महिलाहरुको नियमित जाँचको लागि शुरु गरिएको मेडिक मोवाईल कार्यक्रमलाई आगामि बर्षमा पनि निरन्तरता दिईने छ।

४७. आगामि बर्षमा पनि गर्भवति महिला तथा बच्चाको स्वास्थ्य जाँचको लागि अल्ट्रासाउण्ड सुविधासहितको स्वास्थ्य टोली स्वास्थ्य सुविधा नपुगेका वडाहरुमा परिचालन गर्ने कार्यलाई निरन्तरता दिईने छ। यसबाट गर्भमा रहेको शिशु तथा आमाको स्वास्थ्य अवस्थाको बारेमा समयमै जानकारी भै सजगता अपनाउन सहयोग पुग्ने अपेक्षा गरेको छु।

४८. स्वास्थ्य चौकि तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको RDQA /HMIS Tools/EHRRS/MPDSR/HPPV Programme/mms Programme/QGIS program/ILR program/PNC Programme हरुलाई निरन्तरता दिएको छु ।यसकोलागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४९. उपचार तथा जाँचका लागि जिल्ला बाहिर प्रेशन गरिएका तर आर्थिक समस्याका कारण उपचार गराउन असमर्थ रहेका क्षयरोगका अति विपन्न बिरामीहरुलाई आवश्यकता अनुसारको यातायात खर्च उपलब्ध गराउन आवस्यक वजेट विनियोजन गरेको छु ।

५०. विगत लामो समय देखि सेवा गरि ६० बर्ष उमेर हदका कारण सेवा निवृत्त भएका मातृ शिशु कार्यकर्ताहरुलाई प्रति व्यक्ति एकमुष्ट रुपमा ५० हजार रुपैयाँ पालिकाको तर्फबाट उपलब्ध गराउने नीतिलाई निरन्तरता प्रदान गरेको छु ।

५१. विगत आ.व. देखि संचालन हुँदै आएको नसर्ने रोगहरुको स्क्रिनिङ तथा उपचार कार्यक्रमलाई आगामि बर्षमा समेत निरन्तरता दिईनेछ । यसको लागि रु २ लाख बजेट ब्यवस्था गरेको छु । यसबाट शारिरीक तथा आर्थिक दृष्टिले अस्पतालसम्म गई उपचार गर्न असमर्थ नागरिकहरुलाई लाभ पुग्ने अपेक्षा लिएको छु ।

५२. जिल्ला अस्पताल जाजरकोटमा अप्रेसन गर्दा आकष्मिक रुपमा आवश्यक पर्ने रगत उपलब्ध गराउनका लागि रक्त संचार सेवा अझै पनि ब्यवस्थित र प्रभावकारी हुन नसकेको हुँदा रक्त संचार सेवा Blood Bank सुदृढिकरण तथा संचालनका लागि रु १ लाख उपलब्ध गराईने छ ।

५३. मातृ तथा नवजात शिशुहरुको मृत्यु दर घटाउन गर्भवति तथा सुत्केरीहरुका लागि आईरन तथा क्याल्सियम चक्कि खरिदका लागि संघीय सरकारले उपलब्ध गराउँदै आएको बजेट उपलब्ध नगराउने अवस्थालाई ध्यानमा राखि नगरपालिकाका सवै गर्भवति तथा सुत्केरी महिलाहरुको लागि आईरन तथा क्याल्सियम चक्कि खरिद गर्न रु ८ लाख बजेट ब्यवस्था गरेको छु।

**पोषण स्वास्थ्यतर्फः**

५४. कुपोषणसम्बन्धी समस्याबाट पीडित महिला तथा बालबालिकाहरूको पोषण सुधारका लागि संचालनमा रहेको बहुक्षेत्रीय पोषण कार्यक्रमको लक्ष्य अनुसार संचालनमा रहेको पोषणमैत्री नगर घोषणा अभियानलाई निरन्तरता दिन रु ८ लाख बजेट ब्यवस्थापन गरिएको छ। यसबाट पोषणको दृष्टिकोणले धेरै महत्वपूर्ण रहने गर्भावस्थादेखि दुईवर्षको "सुनौला हजार दिन" को अवधिमा गर्भवती आमा र बच्चालाई खुवाइने खानेकुराको जानकारी एवम् पोषण अवस्थामा सुधार हुने अपेक्षा गरेकोछु ।

**खानेपानी तथा सरसफाईः**

५५. नगरपालिका क्षेत्रमा रहेको स्वच्छ पिउने पानीको अभाव तथा स्वच्छताका लागि नेपाल सरकार तथा फिनल्याण्ड सरकार/युरोपियन युनियनको साझेदारीमा संचालित **सवैका लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता (SUSWA) आयोजनाबाट** उपलब्ध हुने २ करोड ७९ लाख रुपैयाँ, नगरपालिकाको ७६ लाख र उपभोक्ताहरुको करिव २४ लाख ८८ हजार गरी जम्मा रु ३ करोड ८९ लाख ८८ हजार वजेट बरावरको बजेट परिचालन गरि वडा नं १०

को चिउराघारी भूरगाउँ र वडा नं ९ को काँडाबान्नि, वडा नं ८ को थानवारा काँडागिमा खानेपानी तथा सरसफाई कार्यक्रम सम्पन्न गरिनेछ। यसबाट आयोजना क्षेत्रका **करिब सबै घरधुरी** लाभान्वित हुने अपेक्षा लिएको छु ।

५६. यस नगरपालिकाको वडा नं १२ को मल्ल गाउँमा सोलार लिफ्ट प्रविधिबाट खानेपानी योजना निर्माण गरिनेछ। यसको लागि Renewable World/HRDC द्वारा संचालित **सुरक्षित पानी, सरसफाई र स्वच्छताका लागि सौर्य उर्जा आयोजना**बाट रु ८० लाख र नगरपालिकाले २० लाख रुपैयाँ बेहोर्ने गरि कूल १ करोड बजेट ब्यवस्थापन गरिएको छ ।

५७. हेल्भेटास नेपाल एकीकृत जलस्रोत ब्यवस्थापन कार्यक्रमको सहयोगमा वडा नं. ७ र वडा नं ११ का २ वटा बस्तीमा खानेपानी तथा सरसफाई योजना संचालन गरिनेछ। हेल्भेटास नेपालबाट रु ७२ लाख ७६ हजार र नगरपालिकाबाट ३६ लाख ५० हजार रुपैयाँ ब्यहोरिनेछ।

५८. नगरपालिकाको बजार क्षेत्र खलंगामा ढल व्यवस्थापनका लागि तर्जुमा गरिएको विस्तृत परियोजना (DPR) बमोजिम ढल निकासको व्यवस्थापन गरिनेछ । उक्त कार्यका लागि संघीय सरकारबाट रु ८५ लाख र नगरपालिकाले रु. ५६ लाख ६७ हजार गरि जम्मा रु १ करोड ४१ लाख ६७ हजार बजेट ब्यवस्था गरिएको छ । थप आवश्यक पर्ने रकमका लागि विकास साझेदार तथा अन्य निकायहरुसंग समन्वय गरिनेछ ।

५९. यस चालु आ.व.मा नगरपालिकाले कर्णाली प्रदेश सरकार, निजी क्षेत्र तथा दातृ निकायहरूसंगको साझेदारीमा विस्तृत योजना तर्जुमा गरि नगर क्षेत्रको फोहर बिशेष गरी प्लाष्टिकजन्य फोहर प्रशोधन तथा व्यवस्थापन गर्ने नीति तय गरिएकोमा बजेट अभावका कारण कार्यान्वयन हुन नसकेकोले आगामि आ.व.मा बजेट तर्जुमा गरि फोहरको दिगो ब्यवस्थापनका लगि पहल गरिनेछ। यसको लागि रु ७ लाख रुपैयाँ बिनियोजन गरेको छु।

६०. नगर क्षेत्रको आधारभूत सरसफाई तथा फोहरको दिगो व्यवस्थापनका लागी स्थानीय नागरिक, टोल विकास संस्था तथा उद्योग व्यापार संघसँगको समन्वय, सहकार्यमा बजार सरसफाई अभियान संचालन गरिने छ। सरसफाई अभियानमा नगरवासिहरूको सक्रिय सहभागिता जुटाउन सरसफाई शुल्क संकलन गरी परिचालन गर्ने कार्यलाई आगामि आ.व. मा समेत निरन्तरता दिईने छ।

**पूर्वाधार क्षेत्रतर्फः सडक यातायातः**

६१. नगरपालिकाको वडा नं २ को डिंगा तिमिले खण्ड र वडा नं ६र ७ को भेरे मिथेंग्रा वाहेक सबै वडा केन्द्रसम्म सडकको ट्रयाक खन्ने कार्य सम्पन्न भईसकेकोले बाह्रै महिना यातायात सेवा सुचारू गर्न सडकहरूको स्तरोन्नति गर्ने कार्यमा प्राथमिकता दिईनेछ। यसका लागि बजेट बिनियोजन गरेको छु । अपुग हुने बजेट संघ तथा प्रदेश सरकारसंगको समन्वयबाट जुटाईने छ ।

६२. वडा नं २ को पोखरा ओखेनि देखि वडा नं ६ को सिमलपाखा सम्मको सडक निर्माण र वडा नं ११ को जगतिपुर देखि वडा नं ५को काफलचौरसम्मको सडक निर्माणकोलागि प्रदेश समपुरकवाट रु १ करोड २० लाख बजेट प्राप्त भएकोमा उल्लेखित सडकहरुकोलागि नगरपालिका बाट रु ८० लाख बजेट विनियोजन गरिएको छ ।

६३. अधिकांश वडा केन्द्रमा जाने सडक कच्ची भएको र बर्षायाम पछी मर्मत सम्भार नगरी यातायात सुचारु हुन नसक्ने भएकोले सडक र पूँजीगत मर्मत सुधारका लागि रु २१ लाख बिनियोजन गरेको छु ।

६४. खलंगा सदरमुकामस्थित वडा नं ३ थाप्लेचौर बसपार्कको स्तरोन्नति तथा व्यवस्थापनका लागि नगर विकास कोषसंग ऋण सम्झौताको प्रकृया अगाडी बढाईएको छ। कोषको ऋण लगानीबाट बसपार्क निर्माण गरिनेछ।

**सिंचाईः**

६५.उत्पादनका दृष्टिकोणले महत्वपूर्ण रहेको वडा नं. १० को भुरचौर, वडा नं १३ को कुदु फाँटमा सिंचाई सुविधाका लागि उल्लेखित स्थानमा सिंचाई कुलो निर्माण गर्ने कार्यलाई निरन्तरता दिने नीति कायम नै राखिने छ । साथै सिंचाई सुविधाका लागि सवै वडारहरुमा आवश्यक बजेट बिनियोजन गरेको छु ।

**नदी नियन्त्रणतर्फः**

६६. नदी कटान तथा भु क्षय सम्बन्धी समस्या धेरै भएता पनि बजेट सिमितता कारण पर्याप्त बजेट विनियोजन गर्न नसकिएकोले जिल्लास्थित संघीय सरकारका सम्बन्धित कार्यालयहरुसंग समन्वय गरी समस्याग्रस्त स्थानमा तटबन्धन निर्माणको पहल गरिनेछ।

**भवन तथा सहरी पूर्वाधारतर्फः**

६७. वडा तथा बस्तीस्तरबाट माग भई आएका स सना पुर्वाधार निर्माणका लागि आवस्यक बजेट बिनियोजन गरेको छु।

६८. भूमीहिन सुकुम्वासि भूमिहिन दलित तथा अव्यवस्थित बसोबासिहरुको लगत संकलन व्यवस्थापन लगायत अन्य आवश्यक कार्य संचालनका लागि रु २ लाख बजेट बिनियोजन गरेको छु ।

**महिला बालबालिका तथा जेष्ठ नागरिकः**

६९. लैङ्गिक समानता तथा सामाजिक समावेशी नीति अनुरुप हिंशामा परेका, असहाय तथा विपन्न महिलाहरूको राहत तथा आय आर्जन क्रियाकलाप संचालन गर्न **महिला लक्षित साझेदारी कार्यक्रमका** लागि रू. ४५ लाख बिनियोजन गरेको छु। उक्त बजेटबाट घरेलु हिंसामा परेका महिला तथा बालबालिकाहरुका लागि कोष स्थापना, एकल तथा महिला द्वन्द पीडित, असहाय महिलाहरुको लागि सिपमुलक तथा आयआर्जन सम्वन्धी क्रियाकलाप तथा जनचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

७०. लैङ्गिक हिंशामा परेका महिला तथा जोखिममा परेका बालबालिकाहरुको तत्काल राहत तथा उद्धारका लागि लैङ्गिक हिंसा निवारण कोष र बालबालिकाहरुको लागि आपतकालिन बाल उद्धार कोषमा आगामि आ.व. का लागि बजेट रकम रु २ लाख बजेट विनियोजन गरेको छु ।

७१. अति विपन्न तथा लैङ्गिक हिंशा प्रभावित महिलाहरुलाई व्यवसाय संचालनका लागि सहयोग गर्न ब्यावसायिक सहयोग अनुदान स्वरुप रु ४ लाख ५५ हजार वजेट विनियोजन गरेको छु।

७२. सन २०२६ को डिसेम्बरमा बालमैत्री नगर घोषणाका लागि संचालित अभियानका लागि रु १३ लाख बजेट ब्यवस्था गरेको छु। अभियानको सफलताको लागि पालिकामा कार्यरत सेभ द चिल्ड्रेन,WORLD VISION, कारीतास नेपाल लगायतका संघ संस्थाको सहकार्य तथा सहयोग परिचालन गरि **बालबालिकाको लगानी योजना** कार्यान्वयन गरिनेछ।

७३. जोखिममा परेका बालबालिकाहरुलाई तत्काल राहत तथा अन्य बालबालिकाहरुसंग सम्बन्धित सूचना गुनासो तथा उजुरीका लागि २४ घण्टा खुला रहने गरी टलफ्रि सेवा शुरु गरिएको छ। यसको निरन्तरताको लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।

७४. स्थानीय प्रशासन प्रदेश तथा संघीय सरकारसंगको समन्वय र सहकार्यमा संरक्षण विहिन वालवालिकाहरूको उद्दार, संरक्षण, लैङ्गिक हिंशा, बालविवाह, बालश्रम विरुद्ध तथा लागु पदार्थ दुर्व्यसन न्यूनिकरण तथा बाल क्लबहरूको सशक्तिकरण जस्ता कार्यक्रमहरू समेत संचालन गरिनेछ।

७५. जोखिममा परेका जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आपतकालीन सहयोगका लागि समेत बजेट ब्यवस्था गरेको छु ।

७६. वडा नं ९ १२ र १३ लाई बालमैत्रि वडा घोषणा गर्ने प्रयोजनकालागि रु ४ लाख बजेट विनियोजन गरेको छु ।

**वन वातावरण तथा विपद् ब्यवस्थापनतर्फः**

७७. आकस्मिक रूपमा आईपर्ने बाढी, पहिरो, सडक दुर्घटना, आगलागि जस्ता प्राकृतिक विपद् तथा विभिन्न रोगका महामारीको अवस्थामा पिडितहरूको तत्काल उपचार तथा विपद्मा परेका पिडितहरूलाई तत्काल राहत वितरण तथा उद्धार गर्न उद्धार सामाग्री खरिद तथा भण्डारणका लागि विपद व्यवस्थापन कोषको व्यवस्थालाई निरन्तरता दिईएको छ ।

७८. प्राकृतिक विपद ब्यवस्थापन तथा तत्काल राहत उद्धारमा वडाको भुमिकालाई प्रभावकारी बनाउन वडास्तरीय विपद् ब्यवस्थापनका लागि रु ६ लाख ५० हजार रुपैयाँ बिनियोजन गरेको छु ।

७९. पुन निर्माण तथा विपद सम्वन्धी नागरिक सचेतना कार्यकालागि रु ५ लाख बजेट विनियोजन गरिएको छ ।पुनर निर्माण जनगुनासो सम्बोधन गर्न, डिडिए गर्न, कर्मचारी परिचालन तथा व्यवस्थापन कोषका लागि रु ७ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

८०. विद्यालय र समुदायमा विपद जोखिम न्यूनीकरण, जलबायु उत्थानशिल, कृतिम घटना अभ्यास, पूर्व सूचना प्रणालि व्यवस्थापन कार्यहरुकोलागि रु ४ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

८१. विद्यालय, सामुदायिक प्रहरी, वन उपभोक्ता समित लगायत सरोकारवालाहरुसँगको समन्वय र साझेदारिमा विपद सम्वन्धी क्रियाकलाप सँचालन गर्न आवस्यक बजेटको व्यवस्था गरिएको छ ।

८२. विपदमा तत्काल उद्धार तथा राहतमा परिचालन गर्नका लागि वडास्तरीय स्वयं सेवक दल गठन गरि परिचालन गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।

८३. विश्वव्यापि चुनौतीका रुपमा खडा भएको जलवायु परिवर्तन र यसका असर तथा प्रभावहरुलाई न्यूनिकरणका लागि चेतना जागरण गर्न जलवायु अनुकुलन तथा उत्थानशीलता सम्बन्धी विद्यालय तथा समुदाय स्तरीय अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

**सुशासन तथा संस्थागत विकासतर्फः**

८४. नगरपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह हुने सेवाको गुणस्तर सम्बन्धमा नागरिकहरुको प्रतिक्रिया संकलन गरी सुधार गर्न सेवाग्राही सन्तुष्टी सर्वेक्षण गराईने छ। सेवाग्राहीहरुबाट प्राप्त प्रतिक्रियाको आधारमा पालिका तथा वडाको सेवा प्रवाह प्रणालीलाई सुदृढ गरिनेछ। यसका लागि आवश्यक पर्ने बजेट बिनियोजन गरेको छु।

८५. नगरपालिकाको कार्य सम्पादन प्रक्रियालाई पारदर्शि एवं जवाफदेही बनाई सुशासन कायम गर्न भए गरेका क्रियाकलापहरुको सम्बन्धमा स्थानीय संचार माध्यमबाट मासिक त्रैमासिक एवं बार्षिक रुपमा प्रकाशन तथा प्रसारण गर्ने र नियमित रुपमा सार्वजनिक सुनुवाई तथा मासिक/त्रैमासिक/बार्षिक समिक्षा कार्यलाई आगामी आ.व. मा पनि निरन्तरता दिईएको छ।

८६. नगरक्षेत्रभित्र रहेका सार्वजनिक बाटोहरुको कित्ता काट (लगत कट्टा) गरी सडक क्षेत्र कायम गर्ने कार्यका लागि समेत आवश्यक बजेट बिनियोजन गरिएको छ ।

८७. न्यायिक समितिबाट सम्पादन हुने कार्यलाई ब्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न वडास्तरमा कानूनी लिखतहरु तयार गर्ने जनशक्ति तयार गर्न लेखापढी ब्यवसायी सम्बन्धी तालिम तथा अनुमतिका लागि परिक्षा संचालन गर्न आवश्यक बजेट ब्यवस्था गरेको छु।

८८. स्थानीय न्यायिक समितिको कार्य सम्पादनलाई थप प्रभावकारी तुल्याउन सामुदायिक मेलमिलापलाई प्रोत्साहन गरिनेछ।

८९. आर्थिक रुपमा अति विपन्न नागरिकहरुलाई निःशुल्क कानून सेवा प्रदान गर्ने कार्यक्रमलाई आगामि आ.व. मा पनि निरन्तरता दिईनेछ। यसको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

९०. नगरपालिकाको आन्तरिक आय बृद्धि गर्नको लागि राजश्व सुदृढिकरणका क्रियाकलापहरु संचालन गर्न रु. ८ लाख बजेट बिनियोजन गरेको छु ।

९१. नगरपालिकाको आन्तरिक आय बृध्दि गर्न करको दरभन्दा दायरा फराकिलो पार्ने नीति लिईएको छ । तोकीएको समयसिमाभित्र कर बुझाउने करदातालाई कर छुट दिने परिपाटीलाई आगामि आ.व. मा पनि निरन्तरता दिईनेछ ।

९२. कार्यालयको प्रशासनिक भवन जिर्ण रहेको वडा नं. ११ को प्रशासनिक भवन निर्माण गर्न प्रदेश सरकारबाट रु ६० लाख र नगरपालिकाबाट रु ४० लाख गरि जम्मा रु १ करोड बजेट व्यवस्था गरिएको छ ।

९३. अन्तमा, आ.व. २०८३।८४ को बजेट तर्जुमाका लागि मार्गदर्शन तथा स्रोत उपलब्ध गराउने नेपाल सरकार, कर्णाली प्रदेश सरकार, जिल्ला समन्वय समिति, सल्लाह सुझाव प्रदान गर्ने राजनीतिक दल, नागरिक समाज, बिकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधि, कार्यपालिका परिवार, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू प्रति आभार प्रकट गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

९४. प्रस्तावित बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्बन्धित सरोकारवाला सबैको सकारात्मक सहयोग सक्रियता र साथ रहनेछ भन्ने कुरामा म बिश्वस्त छु । कार्यक्रमको सफल कार्यान्वयनबाट अपेक्षित उपलब्धि हासिल हुन गई नगरवासिको जीवनयापनमा सहजता हुनेछ भन्ने अपेक्षा लिएको छु ।

धन्यवाद ।